# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश, घोराही, दाङ

खण्ड ८ संख्या २७ भाग १ मिति २०८१।११।०९ गते

## घोराही उपमहागरपालिकाको तीनपाङ्ग्रे सवारी साधन व्यवस्थापन सम्बन्धि ऐन, २०८१

नगरसभाबाट स्वीकृत मितिः २०८१।०९।२६

**प्रस्तावनाः.**

घोराही उपमहागरपालिकामा सञ्चालन हुने तीन पाङ्ग्रे सवारी साधनहरुलाई व्यवस्थित गरि ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापन तथा यात्रु, सवारी चालक, सवारी धनिहरुको हित प्रवर्दन गरि स्थानीय यातायात व्यवस्थापन र नियमन गर्न आवश्यक भएकाले नगर क्षेत्र भित्र चल्ने तीन पाङग्रे सवारी साधनहरुको दर्ता, नविकरण, रुट ईजाजत, सवारी संख्याको निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै स्थानीय यातायात सेवालाई सुढृढ तथा प्रभावकारी बनाउन वाञ्छनिय भएकाले, नेपालको संविधान को अनुसूची- ८, अन्तर सरकारी वित्त व्यस्थापन ऐन, २०७४ को दफा ५ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को घ तथा सोही दफाको उपदफा ४ को 'ट' ले दिएको अधिकार प्रयोग गरि टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्सा व्यवस्थापनका लागि नेपालको संविधानको धारा ५९ तथा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाई लागू भएको छ ।

### परिच्छेद –१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम **"घोराही उपमहागरपालिका तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन व्यवस्थापन ऐन, २०८१"** रहेको छ ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कार्यपालिका" भन्नाले घोराही उपमहागरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ख) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले घोराही उपमहागरपालिकाका प्रमुख प्रशासकिय अधिकृत

सम्झनुपर्छ।

(ग) "सवारी" भन्नाले साना सवारी (टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्सालाई) सम्झनुपर्छ ।

(घ) "सवारीको वजन" भन्नाले सवारीको वजन, ईन्जिन, अन्य औजार सहित दर्ता प्रमाणपत्रमा लेखिएको कुल भार क्षमता समेतलाई जनाउँछ ।

(ङ) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाँउबाट अर्को ठाँउसम्म यात्रीलाई ओसारपसार गर्ने कार्य सम्झनुपर्छ ।

(च) "यात्रु" भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनुपर्छ ।

(छ) "चालक अनुमती पत्र" भन्नाले सार्वजनिक निकायको अधिकार प्राप्त अधिकारीबाट दिएको चालक अनुमती पत्र सम्झनुपर्छ ।

(ज) "चालक" भन्नाले सवारी चालक अनुमती प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(झ) "बीमा" भन्नाले सवारी, यात्री, चालक तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बीमा सम्झनसपर्छ ।

(ञ) "सवारी धनि" भन्नाले सवारी दर्ताको प्रमाणपत्र (ब्लु बुक) मा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य क्नै संगठित संस्था सम्झनुपर्छ ।

(ट) "नगर प्रहरी" भन्नाले घोराही उपमहागरपालिकाबाट नियुक्ति पाएका नगर प्रहरी सम्झनुपर्छ ।

(ठ) "सडक क्षेत्र" भन्नाले घोराही उपमहागरपालिका क्षेत्र भित्रका पक्की, ग्रावेल तथा कच्ची सडक सम्झनुपर्छ ।

(ड) "सवारी चलाउने ईलाका" भन्नाले घोराही उपमहागरपालिका क्षेत्र भित्र रहेका पक्की, ग्रावेल तथा कच्ची सडक क्षेत्र
सम्झनुपर्छ ।

(ढ) "व्यवस्थापन तथा नियमन समिति" भन्नाले दफा १२ बमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

(ण) "ई-रिक्सा" पेट्रोलियम पदार्थ बाहेक जस्तै बिद्धुत, ग्यास, ब्याट्रीबाट आदिबाट चल्ने रिक्सालाई भनिनेछ ।

(त) "अटो-रिक्सा" भन्नाले पेट्रोलियम पदार्थबाट चल्ने तीन पाङ्ग्रे साना सवारी भन्ने बुझिनेछ ।

(थ) "रुट परमिट" भन्नाले नगर क्षेत्रभित्रका राजमार्ग बाहेकका बाटोमा सवारी संचालनका लागि दिइने अनुमति भन्ने बुझिन्छ ।

(द) "यातायात व्यवस्था कार्यालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतका कार्यालयलाई बुझिनेछ ।

**(ध)** "आर्थिक ऐन" भन्नाले घोराही उपमहानगरपालिकाको सालबसाली आउने ऐनलाई सम्झनुपर्दछ ।

## परिच्छेद–२
## सवारी दर्ता सम्बन्धी व्यवस्था

**३. सवारी दर्ता गराउनु पर्नेः** (१) तीन पाङ्ग्रे सवारीसाधन खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा सवारी विक्री वितरण गर्ने एजेन्टले खरिद गरेको वा पैठारी गरी नेपाल भित्र भन्सार तिरि ल्याएको रसिद तथा प्रज्ञापन पत्र सहित १५ दिन भित्र घोराही उपमहागरपालिकाको कार्यालयमा दर्ता गराउनुपर्नेछ।

(२) सवारी दर्ता गराउन निवेदन दिनुपर्नेः उपदफा (१) बमोजिम सवारी दर्ता गराउनुपर्ने भएमा त्यस्तो सवारी नेपालभित्र खरिद गरेको भए खरिद गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो खरिद गरेको निस्सा र त्यस्तो सवारी विदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो सवारीको भन्सार महसुल तिरेको निस्सा तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको निवेदन दस्तुर सहित दरखास्त दिनुपर्नेछ । सवारी साधन दर्ता भएको मितिले एक वर्ष सम्मको म्याद रहनेछ ।त्यस पश्चात प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ । सवारी दर्ता आवेदन फाराम **अनुसूची –१** बमोजिम हुनेछ । सवारी साधन संयुक्त रुपमा पनि दर्ता गर्न सकिनेछ ।सवारी दर्ता गर्दा वातावरण प्रदुषण सम्बन्धी जाँच गराउनुपर्नेछ र सवारी २० वर्ष सम्म मात्र नविकरण गर्न सकिनेछ ।

(३) तीन पाङ्ग्रे भाडाका सवारी साधनहरु यस कार्यालयमा दर्ता भए पश्चात अनिबार्य रुपमा कम्पनी रजिष्टारको कार्यालयमा समेत दर्ता हुनु पर्नेछ ।

(४) सवारी दर्ता दस्तुरः सवारी दर्ता दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ । सवारी दर्ताको प्रमाणपत्र **अनुसूची –२** बमोजिम हुनेछ ।

४. **सवारीको दर्ता मान्यताः** (१) घोराही उपमहागरपालिका भित्र दर्ता भएको सवारीलाई मान्यता दिईनेछ। यातायात व्यवस्था कार्यालयमा दर्ता भई यस उपमहागरपालिकाको रुट ईजाजत पाएकाहरुको हकमा दर्ताको लागि निवेदन दिन आएमा नयाँ दर्ता सरहको दस्तुर लिई दर्ता गरिदिनु पर्नेछ ।

(२) यस उपमहागरपालिकामा सवारी दर्ता नगरी यस नगर क्षेत्र भित्र सवारी चलाउन पाईने छैन ।

**५. सरुवा दर्ता**: (१) अन्य स्थानीय तहमा दर्ता भई यस स्थानीय तहमा सरुवा हुन चाहने तीने पाङ्ग्रे सवारी साधन धनिले यस पालिकाको अनुमति लिइ सम्बन्धित पालिकाको दर्ता अभिलेख सहितको पत्रसाथ तोकिएको दर्ता शूल्क लिई दर्ता गरिदिई **अनुसूची –२** बमोजिम सवारी दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(२) सवारी दर्ता प्रमाण पत्र हराएमा ट्राफिक प्रहरीको सिफारिस सहित तोकिएको दस्तुर लिई प्रतिलिपी दिनुपर्नेछ ।

६. **दर्ताको प्रमाण पत्र नविकरणः** (१) **अनुसूची –३** बमोजिमको ढाँचामा नविकरण सम्बन्धी निवेदन दिन आएमा निवेदन दस्तुर सहित तोकिएको दस्तुर लिई नविकरण गरि दिनुपर्छ ।

(२) नविकरण अवधी १ वर्षको हुनेछ ।

(३) म्याद समाप्त भएको मितिले **तीन** महिना भित्र आएमा जरिवाना दस्तुर नलाग्ने, तत् पश्चात प्रति बर्ष २० प्रतिशतका दरले थप दस्तुर समेत लिई बढी **पाँच** बर्षसम्म त्यस्तो सवारी दर्ता प्रमाणपत्र नविकरण गर्न सकिनेछ ।

(४) पाँच वर्षसम्म नविकरण नगरिएको सवारी साधनको दर्ता स्वतः खारेज भएको मानिने छ । करको सत प्रतिशत जरिवाना तिरी शूरु दर्ता प्रक्रिया बमोजिम दर्ता गर्न सकिने छ ।

७. **ठाँउसारी सम्बन्धी व्यवस्थाः** (१) घोराही उपमहागरपालिकाले आफ्नो क्षेत्रमा सवारी ठाँउसारी गरि आउन वा अन्यत्र जान तोकिएको दस्तुर लिई सहमती दिन सक्नेछ ।

(२) ठाँउसारी गराउनुपर्ने सवारी साधनको नविकरण शूल्क र सवारी कर तिरेर मात्र ठाँउसारी दिनुपर्नेछ । ठाँउसारी रजिष्टर **अनुसूची –४** बमोजिम हुनेछ ।

८. **नामसारी सम्बन्धी व्यवस्था**: (१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनिले आफ्नो सवारी अरु कसैलाई कुनै किसिमले स्वामित्व हस्तान्तरण गर्न चाहेमा मञ्जुरीनामा, कर चुक्ता, सवारी दर्ता प्रमाणपत्र लगायतका

कागजातहरु सहित दुवै जना कार्यालयमा स्वयम् उपस्थित भई निबेदन दिएमा नामसारी गरिदिन सकिनेछ । नामसारी निवेदन **अनुसूची- ५** बमोजिम हुनेछ र (२) नामसारी रजिष्टर **अनुसूची –६** बमोजिम हुनेछ ।

## परिच्छेद–३

## सवारीको अवस्था तथा बर्गिकरण

९. **सवारी दर्ता किसिमः**

(१) भाडा सवारी साधनको दर्ता घो.उ.न.पा. १ ह...... नम्बर र कालो प्लेट हुनेछ।

(२) निजि सवारी साधनको दर्ता घो.उ.न.पा.१ स........नम्बर र रातो प्लेट हुनेछ ।

**१०. सवारीको प्रयोजन परिवर्तन सम्बन्धी** : (१) निजि सवारी साधनलाई भाडाको सवारी साधनमा परिवर्तन गर्नुपरेमा परिवर्तन दस्तुर रु. २,००० लिई भाडा सवारी साधनको नम्बर कायम गरि दर्ता गरि दिनुपर्नेछ ।

(२) भाडाको सवारी साधनलाई निजि सवारी साधनमा परिवर्तन गर्नुपरेमा परिवर्तन दस्तुर रु. १,००० लिई निजि सवारी साधनको नम्बर कायम गरि दर्ता गरि दिनुपर्नेछ ।

**११. सवारी जाँचपासः (१)** सार्वजनिक सवारी ई रिक्सा, अटो रिक्सा (ईन्धनबाट चल्ने) ले निवेदन दिई सवारी जाँचपास गराउनुपर्नेछ ।

**(२)** कुनै सवारीको शुरु दर्ता गराउँदा र सार्वजनिक सवारीको हकमा प्रत्येक छ महिनामा तथा निजी सवारीको हकमा प्रत्येक एक बर्षमा प्रदूषण जाँच गराउनु पर्नेछ । सवारी जाँचपास दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुने ।

## परिच्छेद–४

## यातायात सेवा व्यवस्थापन

**१२.** नगर क्षेत्र भित्र तीनपाङग्रे सवारि साधन सञ्चालनलाई व्यवस्थित तथ नियमन गर्न उपमहानगरपालिकामा देहाय अनसुारको **तीनपाङग्रे सवारी साधन व्यवस्थापन तथा नियमन समिति** रहनेछ ।

(क) नगर उप प्रमुख — संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(ग) प्रमुख, उपभोक्ता हित संरक्षण शाखा- सदस्य

(घ) घोराही उपमहानगरपालिकाको नगर प्रहरी प्रमुख -सदस्य

(ङ) जिल्ला ट्रफिक प्रहरी कार्यालय अधिकृत स्तर — सदस्य

(च) जिल्ला प्रहरी कार्यालय अधिकृत स्तर- सदस्य

(छ) तीन पाङ्ग्रे सवारी साधन व्यवसायीहरु बाट मनोनित १ जना प्रतिनिधि- सदस्य

(ज) जिल्ला स्थित यातायात व्यवस्था कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत- सदस्य

(झ) राजस्व शाखा प्रमुख-सदस्य सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला पक्षलाई समिति बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**१३. मार्ग निर्धारण गर्ने** : घोराही उपमहागरपालिकाले **तीन पाङग्रे सवारी साधन व्यवस्थापन तथा नियमन समित**को सिफारिसमा आफ्नो क्षेत्रभित्र सडकको स्तर, अवस्था र सो सडकमा चल्न सक्ने सवारी साधनको किसिम, आवागमन गर्ने यात्री संख्याको विद्यमान चाप र मागका आधारमा स्थानीय तहभित्र यातायात सेवा संचालन गर्न मार्ग निर्धारण गर्न सक्नेछ ।

**१४. रुट परमिटः** सवारी धनी वा व्यवस्थापकले दफा १३ बमोजिम निर्धारित मार्गमा यातायात सेवा संचालन गर्नका लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई अनिबार्य रुपमा बाटो इजाजत (रुट परमिट) लिनुपर्नेछ । रुट परमिटको अवधि छ महिनाको हुनेछ ।

**१५. मार्ग तथा भाडा दर निर्धारण**: घोराही उपमहानगरपालिका क्षेत्रमा संचालन हुने तीन पाङ्ग्रे सवारीहरु संचालनका लागि मार्ग तथा यात्रु बाहक सवारीहरुको भाडा दर निर्धारण **तीनपाङग्रे सवारी साधन व्यवस्थापन तथा नियमन समित**को सिफारिसमा नगरकार्यपालिकाले तोकि दिए बमोजिम हुनेछ।

**१६. पार्किङ स्थल निर्धारण:** व्यवस्थापन समितिको सिफारिस बमोजिम कार्यपालिकाले तोकिदिएका स्थानहरुमा मात्र पार्किङ गर्नुपर्नेछ।

**१७. आकस्मिक निरिक्षण:** सवारी साधनहरुको दर्ता/ नविकरण, रुट परमिट लगायतका अन्य कागजातहरु ट्राफिक प्रहरी, नगर प्रहरी तथा राजस्व शाखाबाट खटिई जाने कर्मचारीहरु जुनसुकै बखत निरिक्षण गर्न पाउनेछन । कागजातहरु दुरुस्त नभएको पाइएममा तोकिए बमोजिम जरिवाना लिइनेछ ।

**१८. सिटभन्दा बढी यात्री राख्न नहुनेः** (१) सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट संख्या भन्दा बढी यात्री राखी चलाउन हुँदैन ।

(२) सवारीको माथि सामान वा मानिस राख्न पाईने छैन ।

**१९. ट्राफिक संकेतको पालना गर्नुपर्नेः** चालकले सवारी चलाउँदा ट्राफिक संकेतको पालना गरि सवारी चलाउनुपर्छ ।

## परिच्छेद–५
## सजाय सम्बन्धी व्यवस्था

**२०. सजाय: (१)** दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिमको वास्तविक नम्बर प्लेट नराखी अर्कै नम्बर प्लेट राखी सवारी चलाएमा प्रमुख प्रशासकीय अधिकृतले रु दश हजार जरिवाना त्यस्तो सवारी साधन जफत गर्नुपर्नेछ ।

**(२)** प्रमुख प्रशासकीय अधिकृतले देहायको काम कारवाही गर्ने गराउनेलाई एक हजार देखि दश हजारसम्म जरिवाना गर्न सक्नेछः-

**(क)** दर्ता नगरी सवारी चलाएमा,

**(ख)** मार्ग इजाजतपत्र नलिइ यातायात सेवा संचालन गरेमा,

**(ग)** तोकिएको भाडा भन्दा बढी भाडा लिएमा,
**(घ)** सवारी जाँचपास नगरी सवारी संचालन गरेमा,
**(ङ)** सवारीको स्वरुप परिवर्तन गरेमा,
**(च)** सवारी चालक अनुमति बिना सवारी चलाएमा,
**(छ)** नगरपालिकाको स्टीकर नटाँसी सवारी संचालन गरेमा,
**(ज)** तोकिएको स्थानमा सवारी पार्किङ नगरि जताभावी पार्किङ गरेमा,
**(झ)** यस ऐनको बिपरित अन्य कुनै कार्य गरेमा,

## परिच्छेद–६
## सवारी कर तथा लगत कट्टा सम्बन्धी

२१. **सवारी कर सम्बन्धमा** : **(१)** सवारी धनिले प्रत्येक आर्थिक बर्षमा आर्थिक ऐनमा तोकिए बमोजिम सवारी कर बुझाउनु पर्नेछ ।

**(२)** दफा ३ बमोजिम नयाँ दर्ता गरिने सवारी साधनको हकमा त्यस्तो सवारी साधन दर्ता गराउनु अगावै बिदेशवाट आयात भएको हकमा जुन मितिमा भन्सार तिरी छुटाएको छ सोही मितिदेखि र नेपालमा उत्पादितको हकमा संचालन योग्य भनि प्रमाणित गरेको मिति देखिको दामासाहीले लाग्ने कर बुझाउनु पर्नेछ ।

२२. **सवारी साधनको लागत कट्टाः** (१) दर्ता भएका सवारी साधन प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य कारणबाट सवारी साधन काम नलाग्ने गरि क्षतीग्रस्त भई सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले निवेदन दिन आएमा नविकरण गर्न बाँकी भए नविकरण दस्तुर बुझाउन लगाई सवारी साधनको लगत कट्टा गर्न सक्नेछ ।

(२) सवारी लगत कट्टा रजिष्टर **अनुसूची –६** बमोजिम हुनेछ ।

## परिच्छेद–७
## बीमा सम्बन्धी

२३. **सवारीको बीमा गराउनुपर्नेः (१)** सवारी धनी वा व्यवस्थापकले प्रत्येक सवारीको बीमा गराउनु पर्छ ।

**(२)** उपदफा **(१)** बमोजिम बीमा नगरेको सवारीको दर्ताको प्रमाणपत्र नविकरण गरिने छैन र त्यस्तो सवारीलाई रुट परमिट समेत दिइने छैन ।

**(३)** तेस्रो पक्षको बीमा: सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतीपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्ष बीमा गराउनु पर्छ ।

## परिच्छेद–८
## बिबिध

**२४. सूचना प्रकाशन गर्नुपर्नेः** यो ऐन प्रारम्भ भए पश्चात  यस घोराही उपमहानगरपालिकामा दर्ता भई संचालनमा रहेका  सवारी साधनलाई सवारी कर बुझाउन  पहिलो पटकलाई ३५ दिने सूचना प्रकाशन गरिनेछ।

**२५. बाधा अड्काउ फुकाउनेः** यस ऐनमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरि फुकाउन सकिनेछ ।

**२६. नियम बनाउने अधिकार**: यो ऐनको उद्देश्य पूर्तिका लागि कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**२७. बाझिएको हदसम्म अमान्य हुनेः** यस ऐनमा भएका कुनै प्रावधान नेपालको संविधान, संघ र प्रदेश कानुन सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**२८. बचाउ**: अटो रिक्सा, ई-रिक्सा दर्ता सम्बन्धी कार्यबिधी- २०७५ बमोजिम भएका कार्यहरु यो ऐन बमोजिम भएको मानिने छ ।

(दफा ३ को उपदफा २ संग सम्बन्धित)

**अनुसूची – १**

**तीन पाङ्ग्रे सवारी दर्ताको निवेदन फाराम**

मितिः ..........................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
घोराही उपमहागरपालिका
नगर कार्यलिकाको कार्यालय घोराही, दाङ ।

विषयः सवारी दर्ता आवेदन फाराम ।

महोदय,

निम्नलिखित विवरण बमोजिम तीन पाङ्ग्रे सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु/छौं । पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाँउला ।

(१) सवारी धनीको नामः-
(२) सवारीको किसिमः-
(३) सवारी निर्माण कम्पनीको नामः-
(४) सवारी बनेको सालः-
(थ) मोडेल नं.-
(६) सिलिण्डर संख्याः-
(७) चेसिस नं.-
(८) हर्ष पावर (सि.सि.)-
(९) सवारीको रंगः-
(१०) सवारीको सिट÷ वजन क्षमताः-
(११) पेट्रोल÷डिजलः-
(१२) खरिद भै आएको व्यक्ति वा फर्मको नामः-
(१३) भन्सार तिरेको प्रमाणः-
(१४) सवारी खरिद भै आएको मितिः-
(१थ) सवारी खरिद गरेका बिल प्रमाणहरुः-
(१६) प्रयोगः-
(१७) चलाउने इलाकाः-

निवेदक नाम :-
ठेगाना :-

दस्तखत :-

फोन नं. :-

.................................................................................................................................................

......................................

सवारी निरीक्षणको व्यहोरा

कार्यालय प्रयोजनको लागि

प्रदान गरिएको दर्ता नं. :-

दर्ता मिति :-

माथि उल्लेखित सम्पूर्ण विवरणका साथै प्राविधि प्रतिवेदनको सवारी दर्ता गर्न उपर्युक्त देखिएकोले निर्णयार्थ सेवा गर्ने ।

| | | |
|---|---|---|
| ...................................... | .......................... | .................................. |
| निरीक्षण गर्ने प्राविधिकको सही | फाँटवालाको सही | दर्ता गर्ने अधिकारीको सही |

(दफा ३ को उपदफा ३ सँग सम्बन्धित)

## अनुसूची –२

## सवारी दर्ता प्रमाणपत्र

सवारी दर्ता नं. :- (कालो प्लेट)/ (रातो प्लेट)

दर्ता प्रयोजन :-

(१) सवारी धनीको नाम :–

(२) सवारीको किसिम :–

(३) सवारी निर्माण कम्पनीको नाम :–

(४) सवारी बनेको साल :–

(थ) मोडेल नं. :–

(६) सिलिण्डर संख्या :–

(७) चेसिस नं. :–

(८) हर्ष पावर (सि.सि.) :–

(९) सवारीको रंग :–

(१०) सवारीको सिट÷ वजन क्षमता :–

(११) पेट्रोल/ डिजल :–

(१२) खरिद भै आएको व्यक्ति वा फर्मको नाम :–

(१३) भन्सार तिरेको प्रमाण :-

(१४) सवारी खरिद भै आएको मिति :–

(१थ) सवारी खरिद गरेका बिल प्रमाणहरु :–

(१६) प्रयोग :–

(१७) चलाउने इलाका :–

............................ ................................................

प्राविधिक शाखा प्रमुख स्विकृत गर्ने अधिकारी

(दफा ६ को उपदफा १ सँग सम्बन्धित)

# अनुसूची ३

**सवारी नविकरण आवेदन फाराम**

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
घोराही उपमहागरपालिका
नगर कार्यपालिकाको कार्यालय घोराही ,दाङ ।

विषय :– सवारी नविकरण आवेदन फाराम ।

महोदय,
निम्नलिखित विवरण बमोजिम तीन पाङ्ग्रे सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु/छौं । पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाँउला ।

(१) सवारी धनीको नाम :–
(२) सवारीको किसिम :–
(३) सवारी निर्माण कम्पनीको नाम :–
(४) सवारी बनेको साल :–
(थ) मोडेल नं. :–
(६) सिलिण्डर संख्या :–
(७) चेसिस नं. :–
(८) हर्ष पावर (सि.सि.) :–
(९) सवारीको रंग :–
(१०) सवारीको सिट÷ वजन क्षमता :–
(११) पेट्रोल/डिजल :–
(१२) ई–रिक्सा /अटो रिक्सा :–

निवेदक नाम :–
ठेगाना :–
दस्तखत :–
फोन नं. :–

(दफा ७ को उपदफा २ सँग सम्बन्धित)

अनुसूची ४

**सवारी ठाँउसारी रजिष्टर**

घोराही उपमहागरपालिकाको कार्यालय नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ ।

क्र.सं. :
ठाँउसारी गर्ने कार्यालयको नाम :
सवारीको किसिम:
सवारीको नम्बर :
मोडेल नम्बर :
चेसिस नम्बर :
ठाँउसारी भई गएका वा आएको स्थान :
दस्तुर र मिति :
कर्मचारीको दस्तखत: .....................................

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

**अनुसूची –५**

## सवारी नामसारी आवेदन फाराम

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
घोराही उपमहागरपालिका, नगर कार्यलिकाको कार्यालय
लुम्बिनी प्रदेश, घोराही, दाङ।

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो / हाम्रो एकलौटी हक भोग रहेको ई.नं................. च्या.नं........ भएको अटो नं................ को .............................. लाई मैले/हामीले निम्न लिखित नाम, थर ठेगाना भएको व्यक्ति/व्यक्तिहरुलाई विक्रि गरी दिएको हुनाले उक्त सवारी निजहरुको नाममा नामसारी गरी दिनहुन अनुरोध गर्दछु /छौं । माथिको व्यहोरामा फरक पारी विक्रि गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

औंठाको छाप:

**विक्रि लिलाम/उपहार/वकल गरी दिनेको सही**:

नाम, थर :-................................................... वर्ष : ........................................................ ठेगाना :....................

फोन नं. ................ बाबु/पतिको नाम : ........................................ बाजेको नाम : ...............................................

उपर्युक्त बमोजिमको सवारी साधन माथि उल्लेखित व्यक्तिहरु फर्म/संस्थाबाट मैले/हामीले खरिद/लिलाम सकार/उपहार/वकस हकभोग कायम गरी लिएको हो यसमा कुनै फरक पर्ने छैन । फरक पारी लेनदेन गरेको भए यो नामसारी वदर भएमा कानून बमोजिम दण्ड सजाय सहन बुझाउन तयार छु/छौं ।

औंठाको छाप:

**खरिद गर्ने/लिलाम सकार गर्ने/उपहार/वकस पठाउनेको सही**:

नाम, थर : .................................... ठेगाना ................................... फोन नं. ..................

बाबु/पतिको नाम : ........................................ बाजेको नाम : ...............................................

**पेश भएको कागजपत्रहरु:**

१. लिनेदिने दुबैको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. सवारी कर तथा आयकर तिरेको रसिद
३.सार्वजनिक सवारी भए बाटो ईजाजत लिएको प्रमाण पत्र
४. सवारी जाँचपास प्रमाणपत्र
५.सवारी दर्ता प्रमाणपत्र
६. संस्था वा फर्म /कम्पनीको नाम लेनदेन भएको भए सम्बन्धीत फर्म/कम्पनीको  पत्र संख्या
७.वारेसनामा वा प्रतिनिध तोकी आएको भए सो पत्र प्रमाण तथा नागरिकताको वा परिचय पत्रको प्रमाणित प्रतिलिपि
८. नामसारीको लागि बुझाएको दस्तुरको रसिद
९. अन्य आवश्यक प्रमाणहरु:
ईति सम्वत् २०..... साल .................... महिना ................ गते ............ रोज शुभम् ।

**कार्यालय प्रयोजनको लागि**

सवारी जाँचको प्रतिवेदन व्यहोरा

........................................
सवारी जाँच्नेको सही

उपर्युक्त बमोजिम लेनदेन मञ्जुरी गरी मेरो रोहवरमा गरी सनाखत गरेको र उल्लेखित कागजातहरु समेत पेश गरिसकेको हुँदा नामसारी गरिदिनहुन उपयुक्त देखिन्छ ।

फाँटवालाको सही :...........................
नाम :
मिति:
नामसारी सदर गर्ने, प्रमाणित गरिदिने अधिकारी सही :............................
नाम, थर :
मिति:

( दफा ८ को उपदफा २ सँग सम्बन्धित)

**अनुसूची -६**

**<u>सवारी नामसारी दर्ता रजिष्टर</u>**

घोराही उपमहागरपालिकाको कार्यालय नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ ।

क्र.सं. :
साविक सवारी  धनीको नाम:
ठेगाना:
नामसारी भई कायम भएकोसवारी धनीको नाम:
ठेगाना:
सवारी नम्बर:
मोडेल नम्बर:
चेसिस नम्बर:
नामसारी भएको मिति:
नामसारी दस्तुर:
दस्तखत:

( दफा २३ को उपदफा २ सँग सम्बन्धित)

## अनुसूची –७

## <u>सवारी लगत कट्टा रजिष्टर</u>

घोराही उपमहागरपालिकाको कार्यालय नगर कार्यपालिकाको कार्यालय ।

क्र.सं. :
सवारी दर्ता मिति :
सवारी धनीको नाम :
सवारीको नम्बर :
मोडेल नम्बर :
चेसिस नम्बर :
दस्तुरः
लगत कट्टा मिति :
दस्तखत :

आज्ञाले
ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत